मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १११ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन २५ गते मंगलवार (Tuesday, March 9. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




## पर्यटनसँगै होटल व्यवसायमा चहलपहल

### प्रदेश अध्यक्षमा दंगाल



**झापा, फागुन २४।** कोरोना कहरका कारण वर्षदिनसम्म थलापरेको पर्यटन व्यवसायमा चहलपहल बढ्न थालेको छ। झापासहित पूर्वका पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरुको चहलपहल बढेको हो।

पूर्वका श्रीअन्तु, कन्याम, जामुनखाडी, दोमुखा, सेल्फी डाँडा, सताक्षीधाम, मिनी माउन्टेनसहितका पूर्वका जिल्लाका पर्यटकीय क्षेत्रमा पर्यटकको आगमन बढेसँगै होटल व्यवसायले समेत गति लिन लागेको बताइएको छ। कोरोना महामारीको पट्यारलाग्दो समय र लामो मनशुनका कारण अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्केकाहरू पनि मन बहलाउन निस्किन थालेका छन्।

कोभिड-१९को संक्रमण बढ्दै जाँदा

(बाँकी अन्तिम पृष्ठमा)

झापामा ब्राउनसुगरको अवैध कारोबार

# प्रयोगकर्ता पक्राउ, नाइके फरार

**झापा, फागुन २४।** पछिल्लो समयमा झापाका सीमावर्ती नेपाली बजारमा प्रतिबन्धित लागूऔषध ब्राउन सुगरको अवैध कारोबार फस्टाएको छ।

सीमा क्षेत्रका बजारमा लागूऔषध ट्याब्लेट, सिरप, गाँजाको अत्यधिक कारोबार हुँदै आएकोमा लकडाउनपछि ब्राउन सुगर (खैरो हेरोइन) को कारोबार ह्वात्तै फस्टाएको हो।

जिल्लामा ब्राउन सुगरको कारोबार फस्टाएसँगै झापा प्रहरी यसको जालो तोड्ने मिसनमा जुटेको छ। प्रहरी कार्यालय झापाका एसपी सानुराम भट्टराईले लागूऔषधमुक्त जिल्ला बनाउने अभियानमा सक्रियता देखाएसँगै झापा प्रहरी र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाले दिनहुँ ब्राउन सुगर प्रयोगकर्ता र गिरोहमा आबद्ध व्यक्तिलाई पक्राउ गर्न थालेको छ।

यसैक्रममा प्रहरीले भद्रपुरबाट ब्राउन सुगरसहित एक प्रयोगकर्तालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भद्रपुर-६ बस्ने २६ वर्षीय बिशाल मण्डल रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए। मण्डललाई फागुन १९ गते बुधवार भद्रपुर-६स्थित देउराली होटेलको कोठाबाटै १७ ग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो। प्रहरीले उनको साथबाट डब्लुबी७४ए क्यु ३८६४ नम्बरको स्कुटर समेत बरामद गरेको छ। प्रहरी कार्यालय झापाबाट खटिएका सादा पोशाक र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले विशेष सुराकीको आधारमा उनलाई पक्राउ गरेको हो।

प्रहरीले ब्राउन सुगर खरिदबिक्री गर्ने नाइकेलाई पनि पक्राउ गर्ने योजना बनाएको थियो। तर, प्रहरी त्यस योजना असफल बन्यो। त्यसको ठाउँमा लागूऔषध प्रयोगकर्ता 'डिल गर्न' पुगेपछि उनलाई प्रहरीले पक्राउ गऱ्यो। पक्राउ परेका प्रयोगकर्ता मण्डलले ब्राउन सुगरको मुख्य नाइके भद्रपुर-६ निवासी अन्दाजी २८ वर्षीय रवीन घोष भएको प्रहरीलाई बयान दिइसकेको प्रहरी स्रोतको दाबी छ।



मण्डललाई पक्राउ परेका बेला मुख्य नाइके घोष त्यही होटेल वरिपरि रहेका थिए। प्रहरीले मण्डललाई पक्राउ गरेको देखेपछि नाइके घोष त्यहाँबाट भारत फरार भएको बताइन्छ।

मण्डलले प्रहरीलाई घोषको नाम बताएपछि प्रहरी टोली तत्काल झापा चोकस्थित उनको घर पुगेको थियो। तर, नाइके घोष घरमा थिएन, उनी घर नगई भद्रपुर नाकाबाट सोझै भारत भाग्न सफल भए। मण्डलले प्रहरी समक्ष बयान दिँदै भनेका छन्- 'म प्रयोगकर्ता हुँ, मलाई एक डोज दिने शर्तमा घोषले ब्राउन सुगर बोकेर एक महिलालाई दिनु र पैसा लिएर आउनु भनी होटेल पठाएको हो।' यसभन्दाअघि पनि घोषले एक डोज दिने बहानामा यसरी काम अह्राउँदै आइरहेको उनले प्रहरीलाई बताएका छन्। 'सबै लगानी उसैको, फाइदा पनि उसैले लिन्थ्यो, मलाई त एक डोज दिन्थ्यो, त्यसैले पुगिहाल्थ्यो'- उनले प्रहरीलाई भनेका छन्।

यता प्रहरीले मण्डललाई प्रहरी कार्यालय झापामा राखेर थप अनुसन्धान गरिरहेको छ भने नाइके घोषलाई खोजिरहेको छ। घोषले भद्रपुरका अधिकांश युवाहरूलाई विभिन्न प्रलोभन दिएर आफ्नो जालमा फसाएर अवैध काम गराउँदै आएको बताइन्छ। ब्राउन सुगरको कारोबार गर्नुअघि घोषले भारतीय रुपैयाँको अवैध कारोबार गरेका थिए। २०७३ साल चैत २५ गते तत्कालीन सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय झापाबाट खटिएको एपीएफको टोलीले स्रोत नखुलेको ११ लाख १० हजार भारतीय रुपैयाँसहित घोषलाई पक्राउ गरेको थियो। घोषसहित उनीसँगै हिँडेका मनोज राजवंशीलाई पनि प्रहरीले पक्राउ गरेको थियो।

गस्तीमा खटिएको एपीएफ टोलीले विशेष सूचनाको आधारमा भारतबाट नेपालतर्फ आउँदै गरेको मे६प ६१२९ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई हजार र पाँचको भारतीय रुपैयाँसहित भद्रपुर-९स्थित घोडामाराबाट पक्राउ गरेको थियो। पक्राउ परेका उनीहरूलाई कारबाहीका लागि राजश्व अनुसन्धान विभाग हरिहर भवन ललितपुर पठाउनुपर्नेमा नेताको आडमा त्यसको भोलिपल्ट बिना कारबाही छाडिएको थियो।

त्यस बेला कांग्रेसका गृहमन्त्रीको ठाडो आदेशमा उनीहरूलाई सशस्त्रले छाडेको समाचार पनि सञ्चारमाध्यममा सार्वजनिक भएको थियो। भद्रपुरकै कांग्रेसका वरिष्ठ नेताले गृहमन्त्रीसमक्ष सिधै कुरा राखेपछि उनीहरू बिना कारबाही रिहा भएको घटनाले चर्चा पाएको थियो। त्यस्तै प्रहरीले भद्रपुर-८ सगरमाथा चोकबाट ब्राउन सुगरको कारोबार गर्ने थप एक युवकलाई पक्राउ गरेको छ। भद्रपुर-८ एयरपोर्ट नजिकै बस्ने २४ वर्षीय दिनेश राजवंशीलाई ६ ग्राम ५० मिलिग्राम ब्राउन सुगरसहित प्रहरीले

(बाँकी अन्तिम पृष्ठमा)

## ट्याक्टरको ठक्करबाट मृत्यु

**धनकुटा, फागुन २४।** धनकुटाको शहीदभूमि गाउँपालिका-७ चाम्चा बस्ने ५० बर्षीया मनकुमारी राईको ट्याक्टरको ठक्करबाट मृत्यु भएको छ।

सोही स्थानमा ना५त १९७१ नम्बरको ट्र्याक्टरले पैदल यात्री राईलाई ठक्कर दिँदा उनको घटनास्थलमानै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ। ठक्कर दिने ट्याक्टर प्रहरीको नियन्त्रणमा छ भने चालक सोही स्थानका हरिबहादुर राई फरार रहेकोले खोजतलास भइरहेको प्रहरीले जनाएको छ।

## 'कांग्रेस निर्वाचनमा जान तयार'



**विर्तामोड, फागुन २४।** नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले लोकतान्त्रिक शासन व्यवस्थाको संरक्षणका लागि नेपाली कांग्रेस सरकारको नेतृत्व गर्न तथा निर्वाचनमा जान तयार रहेको संकेत गरेका छन्।

नेपाल महिला संघ झापाको आयोजनामा नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालयमा आयोजित १११औं अन्तर्राष्ट्रिय नारी दिवस तथा सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका नेता सिटौलाले यस्तो संकेत गरेका हुन्।

'प्रधानमन्त्री के.पी. शर्मा ओलीले संसदबाट विश्वासको मत लिन नसकेको अवस्थामा र संसदले बहुमतका आधारमा नयाँ प्रधानमन्त्री चयन गर्न नसके मुलुक निर्वाचनमा जान्छ'- उनले भने- 'नेपाली कांग्रेस पाँच बर्षसम्म नै संसद चलोस् भन्ने चाहन्छ, जनताको म्याण्डेट बमोजिम संविधानको संरक्षण, लोकतन्त्रको रक्षा र न्यायिक सर्वोच्चताका लागि निर्वाचन वा

(बाँकी अन्तिम पृष्ठमा)

**हार्दिक बधाई**



गोमेन्द्र बहुमुखी महाविद्यालयका पत्रकारिता विषयका पूर्व विद्यार्थी तथा पूर्वाञ्चल राष्ट्रिय दैनिकका प्रधान सम्पादक **श्री एकराज गिरी** भरत भुर्तेल स्मृति पत्रकारिता पुरस्कार-२०७७ बाट सम्मानित हुनुभएकोमा बधाई तथा शुभकामनासहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

डा. रूपक खनाल
तथा **गोमेन्द्र कलेज परिवार**
बिर्तामोड, झापा

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार।

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

**पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा फागुन २८ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)



# व्याडमिन्टनको फाइनल आज



**झापा, फागुन २४।** झापाको बिर्तामोडमा जारी दोस्रो लायन्स क्लब जिल्ला स्तरीय खुल्ला व्याडमिटन प्रतियोगिताको फाइनलमा मेन्स डवलमा नवीन सिलवाल, चाणक्य पाठक बिर्तामोड र प्रनिससंह ठकुरी, दीपक घिमिरे काँकरभिट्टाबीच हुने भएको छ ।

नवीन र चाणक्यको जोडीले २१-८ र २१-१२ को सोझो सेटमा विशन राई, अनुप अधिकारी दमकको जोडीलाई हराउँदै फाइनलमा प्रवेश गरेको हो । यसैगरी प्रनिश र दीपकको जोडीले सुदेन राई, प्रकाश राई दमकको जोडीलाई २१-८ र २१-१७ को सोझो सेटमा हराउँदै फाइनलको यात्रा तय गरेको हो ।

यस्तै ४५ प्लस डवलमा सञ्जय भक्तराज, गणेश कार्की बिर्तामोडविरुद्ध श्रीप्रसाद धिमाल, विष्णु तामाङ काँकरभिट्टा बीच फाइनल खेल हुने भएको छ । सेमीफाइनलमा सञ्जय भक्तराज, गणेश कार्कीको जोडीले सूर्य अधिकारी, कुलदीप चौधरी चन्द्रगढीको जोडीलाई २१-७, १४-२१ र २१-१२ को सेटमा हराउँदै फाइनल प्रवेश गरेको थियो ।

यसैगरी श्रीप्रसाद धिमाल, विष्णु तामाङ्ग काँकरभिट्टाले नगेन्द्र गहतराज र गंगा फेदापे बिर्तामोडलाई २१-१६ र २२-२०को सोझो सेटमा हराउँदै फाइनल यात्रा तय गरेको हो । लायन्स क्लव अफ अनारमनीको आयोजनामा 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारासहित 'झापा जिल्ला स्तरीय दोस्रो लायन्स खुल्ला व्याडमिन्टन प्रतियोगिता' आइतवारबाट शुरु भएको हो ।

प्रतियोगितामा यस वर्ष खुल्लातर्फ ३० र भेट्रानतर्फ २३ टिम सहभागी रहेका छन् ।

प्रतियोगितामा खुल्लातर्फका प्रथमले नगद २५ हजार, द्वितीयले २० हजार र तृतीय हुने टिमले आठ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र पाउने छन् । त्यस्तै भेट्रानतर्फ प्रथमले २० द्वितीयले १५ र तृतीय हुनेले ५ हजार रुपैयाँ नगद तथा ट्रफी र प्रमाणपत्र हात पार्ने छन् ।

# बरालको कृत्रिम आँखा प्रत्यास्थापन



**बिर्तामोड, फागुन २४।** कनकाई-३ सुरुङ्गाकी जन्मजात दृष्टिविहीन सृजना बरालको कृत्रिम आँखा प्रत्यास्थापन गरिएको छ ।

स्वस्थ समाजका लागि सामाजिक अभियान झापाले दृष्टि आँखा अस्पताल बिर्तामोडमा बरालको कृत्रिम आँखा प्रत्यास्थापन गरिदिएको हो । ११ वर्षको उमेरमा मोतियाविन्दू भएर दुइवटै आँखाको शल्यक्रिया गर्दा एउटा आँखा बिग्रिएको तथा अर्को आँखाको पनि दृष्टि शक्ति घट्दै गएर छडीको सहारामा जीवन जीउन थालेको बरालले बताइन् ।

आँखाको दृष्टि शक्ति घट्दै गएर समस्या भएपनि आर्थिक अभावले उपचार गर्न समस्या भएपछि स्वस्थ समाजका लागि सामाजिक अभियान झापाका अभियन्ता तथा निर्माण व्यवसायी शेरबहादुर थापा र अभियन्ता सुनिता धिमालले उपचारमा सहयोग गरेपछि दृष्टि आँखा अस्पताल बिर्तामोडमा बरालको कृत्रिम आँखा प्रत्यास्थापन गरिएको हो ।

दृष्टि आँखा अस्पताल बिर्तामोडका दृष्टि विशेषज्ञ कवीन्द्रप्रसाद राजवंशी, रविशंकर चौधरीले बरालको कृत्रिम आँखा प्रत्यास्थापन गरेका थिए । विगत तीन वर्षदेखि कृत्रिम आँखा प्रत्यास्थापन शुरु गरिएको दृष्टि आँखा अस्पताल बिर्तामोडमा हालसम्म एक हजार एक सय ८८ वटा कृत्रिम आँखा प्रत्यास्थापन गरिएको दृष्टि आँखा अस्पताल सञ्चालक समितिका अध्यक्ष रामप्रसाद उप्रेतीले जानकारी दिए ।

स्वस्थ समाजका लागि सामाजिक अभियान झापाले कोभिड संक्रमणको समयदेखि राहत, खाद्यान्न वितरण, पीडितलाई आर्थिक सहयोग गर्दै आइरहेको अभियन्ता तथा निर्माण व्यवसायी शेरबहादुर थापाले जानकारी दिए । उनले संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत बराललाई सहयोग गरिएको बताए ।

# उद्यमी महिलाको रचनात्मक कार्य



**बिर्तामोड, फागुन २४।** १११औं अन्तराष्ट्रिय महिला दिवसको अवसर पारेर महिला उद्यमी संघ नेपालले श्रमजीवी महिला पत्रकारहरुको छाता संगठन नारी सञ्चार गृह झापाले स्थापना गरेको नारी सञ्चार प्रोत्साहन अक्षयकोष बृद्धिका लागि सहयोग प्रदान गरेको छ ।

बिर्तामोडमा आयोजित एक कार्यक्रमकाबीच उद्यमी महिलाहरुको संस्थाले नारी सञ्चार गृहका अध्यक्ष भीमा शिवाकोटी, अक्षयकोषका संयोजक रेजिना गौतमसहितको टोलीलाई सहयोग रकम हस्तान्तरण गरेको हो । कार्यक्रममा प्रमुख अतिथि तथा बिर्तामोड नगरपालिकाका उपप्रमुख पवित्रा महतारा प्रसाई, संस्थाका अध्यक्ष नैनकला भट्टराई लगायत उद्यमीको टोलीले १० हजार एक सय रुपैयाँ बराबरको चेक हस्तान्तरण गरेका थिए ।

यसैबीच श्रमलाई उद्यममार्फत पैसामा जोड्न प्रयास गर्ने महिलालाई प्रोत्साहन गर्ने उद्देश्यले महिला उद्यमी संघ नेपालले दुईजना महिलाहरुलाई सम्मान गर्नुका साथै श्रम गर्ने उपकरण समेत प्रदान गरेको छ । यसरी सम्मानित हुनेहरुमा बिगत २५ वर्षदेखि सडकपेटीमा मकै पोलेर विक्री गर्दै आएकी जोश्ना उराउ र फ्रेस हाउस सञ्चालक कविता बास्तोला रहेका छन् ।

महिला उद्यमी संघ नेपाल झापाका अध्यक्ष भट्टराईको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका उपप्रमुख प्रसाईको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि प्रसाई, नारी सञ्चार गृहकी अध्यक्ष भीमा शिवाकोटी, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी, एवीसी नेपालका प्रदेश सदस्य कञ्चना ढकाल लगायतले बोलेका थिए ।

महिला उद्यमी संघ नेपाल झापाका महासचिव शर्मिला अधिकारीले सञ्चालन गरेको कार्यक्रममा स्वागत बरिष्ठ उपाध्यक्ष यशोदा चापागाँई र कार्यक्रमको औचित्यमाथि महिला उद्यमी संघ नेपालका प्रदेश संयोजक गोमा भट्टराईले प्रकाश पारेका थिए ।

सोही अवसरमा नेपाल पत्रकार महासंघ प्रदेश-१ सदस्य तीर्थ सिग्देलले पनि पूर्व घोषित ५ हजार रुपैयाँ अक्षयकोषका लागि हस्तान्तरण गरेका थिए । सिग्देलले आफूले लेखेका पुस्तक विक्रीबाट प्राप्त रकममध्ये केही रकम नारी सञ्चार गृहको अक्षयकोषमा प्रदान गरेको बताए ।

यसैबीच साविक बाहुनडाँगी गाविसका अध्यक्ष निलकण्ठ तिवारीले पनि नारी सञ्चार गृहको अक्षयकोषका लागि रकम प्रदान गरेका छन् ।

# महादेवको प्रतिमा स्थापना



**बिर्तामोड , फागुन २४।** झापाको बिर्तामोड -१ देवी पञ्चकन्या टोलमा नागरिकस्तरबाट ३६ फुटको कैलाशेश्वर महादेवको प्रतिमा स्थापना गरिएको छ ।

प्रतिमा स्थापना निर्माण समितिले नागरिकस्तरबाट कैलाशेश्वर महादेवको प्रतिमा स्थापना गरेको हो । प्रदेश नं. १कै ठूलो भनिएको उक्त प्रतिमाको महाशिवरात्रीको अवसर पारेर आगामी फागुन २७ गते अनावरण गरिने प्रतिमा स्थापना निर्माण समितिका अध्यक्ष दीपककुमार दाहालले जानकारी दिए ।

आगामी फागुन २७ गते महाशिवरात्रीका दिन विश्वको प्रथम महिला जगत्गुरु शंकराचार्य हेमानन्द गिरीले कैलाशेश्वर महादेव प्रतिमाको अनावरण गर्ने कार्यक्रम रहेको छ । उक्त दिन शिव पूजा, अर्चना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरुद्वारा धार्मिक सांस्कृतिक कार्यक्रम र साँझमा शिव आरती र शिवधुनी समेत जगाउने कार्यक्रम रहेको उनले जानकारी दिए ।

त्यस्तै कैलाशेश्वर महादेव प्रतिमा स्थापना निर्माण समितिले देवी पञ्चकन्या टोल प्रवेश गर्न स्वागतद्वार निर्माण गरेको छ ।

स्वागतद्वार र कैलाशेश्वर महादेवको प्रतिमा स्थापना गर्न ३४ लाख रुपैयाँ खर्च भएको र उक्त रकम टोलवासीबाट संकलन गरिएको प्रतिमा स्थापना निर्माण समितिका सचिव युवराज दाहालले जानकारी दिए ।

कार्यक्रममा सहभागी बिर्तामोड उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार थापा, हरिप्रसाद भण्डारी, टीका संग्रौला, निर्जला प्रसाईं लगायतले प्रतिमा स्थापनाले देवी पञ्चकन्या टोलको पहिचान दिलाउने बताए । कार्यक्रमको सहजीकरण सचिव दाहालले गरेका थिए ।

## प्रयोगकर्ता ...

पक्राउ गरेको हो । राजवंशीले पनि भद्रपुरमा ब्राउन सुगरको कारोबार गर्दै आइरहेको बताइन्छ ।

यता प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाका अनुसार लागूऔषधसहित पक्राउ परेका आरोपीको बयानको आधारमा गिरोहका अन्य व्यक्तिहरूलाई प्रहरीले धमाधम पक्राउ गरिरहेको बताए । पक्राउ परेका आरोपीलाई लागूऔषध ओसारपसारको बारेमा बयान लिन्छौं- डीएसपी थापाले भने- 'आरोपीले लागूऔषध कारोबार गर्ने व्यक्तिको नाम बयानमा दिएका छन्, त्यसको विषयमा पनि छुट्टै अनुसन्धान गर्छौं, कानूनी कारबाहीको दायरमा ल्याएर छाड्छौं ।'

**ब्राउन सुगरमा तेब्बर फाइदा**

ब्राउन सुगरको खरिदबिक्री गर्दा सुनभन्दा बढी फाइदा हुने गरेको पाइएको छ । पाउडर जस्तो धुलो पदार्थको ब्राउन सुगर बोक्दा पनि कसैले थाहा नपाउने, बिक्री गर्दा किनेको भन्दा तेब्बर फाइदा हुने भएपछि पछिल्लो समयमा यसको अवैध कारोबार फस्टाएको छ । नेपालमा प्रतिबन्धित ब्राउन सुगर भारतबाट भित्रिन्छ । कारोबारीले भारतका सीमावर्ती विभिन्न शहरबाट खरिद गर्ने र लुकाईछिपाई नेपाली बजारमा ल्याउने गरेको छ । भारतमा प्रतिग्राम ब्राउन सुगरको मूल्य एक हजारदेखि डेढ हजारसम्म पर्छ । नेपालमा त्यसको खरिद मूल्य १६ सयदेखि २४ रुपैयाँसम्म पर्न जान्छ ।

नेपालका सीमावर्ती बजारमा ब्राउन सुगर बिक्री गर्दा प्रति ग्राम ५ हजारदेखि ६ हजार रुपैयाँसम्म पर्छ । राजधानी लगायत नेपालका अन्य शहरसम्म पुग्दा त्यसको मूल्य १० हजार प्रतिग्रामसम्म पर्छ । एक किलो ब्राउन सुगरको कारोबार गर्ने व्यक्तिले एकैपटक लाखौं रकम कमाउने गरेको छ ।

भारतमा एक किलो ब्राउन सुगरको मूल्य १०देखि १५ लाख पर्छ । त्यसलाई नेपाल ल्याएर बिक्री गर्न सकिए ५० लाखदेखि ६० लाख हुन्छ । १६ लाखदेखि २४ लाख लगानी गर्ने कारोबारीले एकैपटकमा त्यसको तेब्बर कमाउने गरेको छ । त्यही भएर पछिल्लो समयमा यसको कारोबार जिल्लामा फस्टाएको सरोकारावालाहरु बताउँछन् ।

**यस्तो छ प्रहरीको तथ्यांकमा लागूऔषध**

जिल्ला प्रहरी कार्यालय झापाको तथ्याङ्क हेर्दा गतआर्थिक बर्ष २०७६/०७७ भन्दा चालूआर्थिक वर्ष २०७७/०७८को माघ मसान्तसम्म लागूऔषध कारोबारका घटना बढेको देखिन्छ । अघिल्लो आर्थिक वर्ष २०७६/०७७मा ११ महिला र १८० जना पुरुष लागूऔषधसहित पक्राउ परेका थिए । चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा ६ महिला र १६६ जना पुरुष पक्राउ परिसकेको प्रहरी कार्यालय झापाका डीएसपी थापाले जानकारी दिए ।

चालू आर्थिक वर्षको ७ महिनामै १७२ जना पक्राउ परिसकेका छन् । अघिल्लो एक वर्षमा १९१ जना पक्राउ परेका थिए । फागुन महिनाको तथ्याङ्क जोड्ने हो भने १८० जना नाघिसकेको प्रहरीले जनाएको छ । प्रहरीले अघिल्लो आर्थिक वर्षमा १ किलो ५९५ ग्राम ५०५ मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो भने चालूआर्थिक वर्षको माघसम्ममा १ किलो ५२६ ग्राम ३६३ मिलिग्राम ब्राउनसुगर बरामद गरिसकेको डीएसपी थापाले बताए । बरामद गरिएको ब्राउन सुगरको नेपाली बजार मूल्य ९० लाखभन्दा बढी पर्छ ।

उनका अनुसार लागूऔषध डाइजेपाम, लुपिजेसिक, फेनारगन, नाइट्रोजन, गाँजा, सिरप पनि बरामद भइरहेको छ । तर, अन्य लागूऔषधको तुलनामा ब्राउन सुगर बढी बरामद भएको डीएसपी थापाले बताए । अन्य लागूऔषध प्रयोग गर्दागर्दै बढी मात्रामा नशालु पदार्थ चाहिने भएकाले पनि ब्राउनसुगरतर्फ युवावर्ग बढी लागेको अनुसन्धानले देखाएको उनले बताए । 'लागूऔषध नियन्त्रण तथा रोकथाममा प्रहरीले सक्रियता बढाएकोले लागूऔषधमा संलग्न व्यक्तिहरू धमाधम पक्राउ पर्न थालेका हुन्, त्यसैले आरोपीको संख्या बढ्दै गएको हो'- उनले भने- 'ब्राउन सुगर बोक्न पनि सजिलो, भारतबाट ल्याउन पनि समस्या नहुने र फाइदा पनि बढी भएकोले यसको कारोबार बढेको अनुमान गर्न सकिन्छ ।'

**यस्तो छ कानूनी सजायको व्यवस्था**

लागूऔषध नियन्त्रण ऐन २०३३को परिच्छेद ३ दण्ड सजाय ९१० दफा ४ को खण्ड (ज) मा अफिम, कोका र सोबाट बनेको लागूऔषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई कानूनी सजायको व्यवस्था गरिएको छ । २५ ग्रामसम्मको कारोबार गर्नेलाई ५ बर्षदेखि १० वर्षसम्म कैद र ५ हजारदेखि २५ हजारसम्म जरिवाना, २५ ग्रामदेखि एक सय ग्रामसम्मको कारोबार गर्नेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ७५ हजारदेखि २ लाखसम्म जरिवाना र एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोबार गर्नेलाई १५ वर्षदेखि जन्म कैद र ५ लाख रुपैयाँदेखि २५ लाखसम्म जरिवानाको व्यवस्था छ । यो कानूनी व्यवस्था ब्राउन सुगर कारोबार गर्नेमा पनि लागू हुने उल्लेख गरिएको छ । लागूऔषध गाँजा उत्पादन, तयारी, खरिद, बिक्री वितरण, निकासी वा पैठारी, ओसारपसार गर्ने व्यक्तिलाई न्यूनतम् तीन महिनादेखि अधिकतम् १० वर्षसम्म र पाँच हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना तोकिएको छ ।

## पर्यटनसँगै ...

पनि स्वास्थ्य सावधानी अपनाएर भए पनि पर्यटकीय क्षेत्रमा घुम्न जानेहरुको संख्यामा वृद्धि भएको बताइएको छ । यता व्यवसायीले पर्यटकलाई स्वागत गर्न आफूहरु पूर्ण तयारी अवस्थामा रहेको र पछिल्लो समय व्यापारमा वृद्धि भएको होटल ब्यवसायीसंघ झापाकी अध्यक्ष इन्दिरा श्रेष्ठले बताइन् । ठप्प अवस्थामा रहेको होटल व्यवसायलाई पुरानै लयमा फर्काउन समय लाग्ने भए पनि आन्तरिक पर्यटकीय गतिविधि बढ्नासाथ व्यवसायमा केही हदसम्म राहत मिलेको उनको भनाइ छ ।

यसैबीच होटल व्यवसायी महासंघ प्रदेश १को प्रथम महाधिवेशन सोमबार झापाको बिर्तामोडमा सम्पन्न भएको छ । प्रदेश १का १४ वटै जिल्लाका ब्यवसायीहरुको सहभागितामा महाधिवेशन भएको हो । महाधिवेशनमा बोल्दै होटल व्यवसायीहरुले आफूहरुको व्यवसाय पर्यटनसँग जोडिएको र पर्यटन प्रवर्द्धनसँगै होटलहरुको व्यवसायिकरणमा सरकारले ध्यान दिनुपर्नेमा उनीहरुले जोड दिए । प्रदेश १मा १५ हजार होटल व्यवसायी रहेका छन् । साना, मझौला र ठूला गरी होटल तीन समूहमा विभाजन गरिएको बताइएको छ ।

कार्यक्रमका प्रमुख अथिति बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीले होटल व्यवसायीको सिप विकासका लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले पर्यटकलाई आकर्षण गर्ने विषयमा ध्यान दिन आग्रह गर्दै होटलमा हुने विकृतिबिरुद्ध व्यवसायी आफैं सचेत बन्नुपर्ने बताए । पर्यटन बोर्डका कृष्ण साहले होटल व्यवसाय र पर्यटन एक अर्काको परिपूरक भएको बताए । उनले कोरोनाका कारण थलापरेको पर्यटन र होटल व्यवसाय लयमा फर्किन थालेको बताए ।

त्यस्तै होटल व्यवसायी महासंघका केन्द्रीय सचिव राजु गौतमले सरकारले होटल व्यवसायीको विकासका लागि लगानी गर्नुपर्नेमा जोड दिए । कोरोना कहरका कारण होटल व्यवसाय नराम्ररी थलापरेको भन्दै सरकारले सहयोग नगरेको उनले गुनासो गरे । कार्यक्रममा टाइगर ब्रुअरीका निराजन प्रसाई, पर्यटन पुनःउत्थान समितिका संयोजक, आन्तरिक राजश्व कार्यालयका प्रमुख, चेम्बर अफ कमर्शका अध्यक्ष लगायतले शुभकामना मन्तव्य राखेका थिए । प्रदेश अध्यक्ष मणिन्द्रबहादुर कटुवालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष पदमकुमारी गुरुङले धन्यवाद ज्ञापन होटल व्यवसायी संघ झापाका महासचिव शिवराज पौडेलले र सञ्चालन प्रदेश १का महासचिव लीला लावतीले गरेका थिए ।

**प्रदेश अध्यक्षमा दंगाल**

होटल व्यवसायी महासंघ प्रदेश १को प्रथम महाधिवेशनले राजेन्द्र दंगालको अध्यक्षतामा १६ सदस्यीय समिति सर्वसम्मत रुपमा चयन गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा महेन्द्र ढुंगाना, तीन उपाध्यक्षमा गोविन्द थापा, देवीप्रसाद पौडेल र जेपी राई, महासचिवमा बाशुदेव बराल, सचिवमा शिवकुमार अधिकारी, सहसचिव दिलकुमारी श्रेष्ठ, कोषाध्यक्षमा इन्दिरा श्रेष्ठ र सहकोषाध्यक्षमा राजन प्रधान चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा प्रेम सापकोटा, लालबहादुर श्रेष्ठ, मोक्षरत्न पोखेल, पुनम थापामगर,पदमलाल लम्साल र विमल भण्डारी, दिनेश खवास रहेका छन् । समिति २१ सदस्यीय हुने र बाँकी सदस्य अध्यक्षले मनोनयन गर्ने प्रावधान रहेको बताइएको छ ।

## कांग्रेस ...

सरकारको नेतृत्व दुवैका लागि तयार छ ।'

संविधानमा परिकल्पना गरिए अनुरुप नै संसद विघटनको निर्णयलाई बदर गरेर सर्वोच्च अदालतले न्यायिक सर्वोच्चता प्रस्तुत गर्दै संविधानको संरक्षण गरेकोप्रति प्रधानन्यायाधीश र न्यायाधीशहरुप्रति नेता सिटौलाले आभार समेत प्रकट गरे । प्रधानमन्त्रीको संसद विघटनसम्बन्धी कदम रोकेर सर्वोच्च अदालतले मुलुकलाई ठूलो दुर्घटनाबाट बचाएको उनको टिप्पणी थियो ।

'संसारका श्रमीकहरु एक हौं' भन्ने नारासहित वर्गीय संघर्षको लोकप्रिय नारा दिएका कम्युनिष्टहरुले जनमतको सम्मान गर्न नसकेको र बहुमतप्राप्त कम्युनिष्ट सरकारले जनताको जीवनस्तर सुधार गर्ने कुनै पनि काम गर्न नसकेको उनले आरोप लगाए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य सरिता प्रसाईले महिलाहरुले आफ्नो अधिकार रक्षाका लागि आवाज उठाएको शतक नाघिसक्दा पनि पुरुष समान अधिकार प्राप्ति भइनसकेको टिप्पणी गर्दै पार्टीको मेरुदण्डका रुपमा रहेका महिलाको हरेक क्षेत्रमा समान सहभागिता सुनिश्चित गर्न जोडदार माग गरिन् । कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले आरक्षण ब्यवस्थामा मात्रै भर नपरी प्रतिस्पर्धामा उत्रन सक्ने क्षमता अभिबृद्धि गर्न महिलाहरुलाई आव्हान गर्दै संविधानले महिलालाई सतप्रतिशत स्थान दिएको उल्लेख गरे । नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले महिला र पुरुषको समान सहभागिता र अवसरले मात्रै आर्थिक समृद्धि र देशको विकास सम्भव हुने बताए ।

कार्यक्रममा संविधानसभा सदस्य उषा गुरुङ, नेपाल महिला संघका केन्द्रीय सदस्यद्वय शोभा पालुङ्वा र गोमा भटराई, नेपाली कांग्रेस पूर्व उपसभापति देउमान थेवे, नेपाली कांग्रेस झापाका सदस्य मेनुका बुढाथोकी, नेपाली कांग्रेस महिला विभाग प्रमुख रामकुमारी पौडेल, नेपाल महिला संघ पूर्व सभापति यज्ञकुमारी सिटौला, शुभेच्छुक संघसंस्था विभाग प्रमुख लता कार्की, नेपाल विद्यार्थी संघ पूर्व सहमहामन्त्री उमा शिवाकोटी, महाधिबेशन प्रतिनिधि भुमा घिमिरे, नेपाल महिला संघ क्षेत्रीय सभापति शर्मिला अधिकारी, अर्जुनधारा नगर सभापति लीलादेवी कटुवाल लगायतले मन्तव्य राखेका थिए ।

नेपाल महिला संघ झापा सभापति सुशीला ढकालको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रजातान्त्रिक आन्दोलनमा योगदान पुऱ्याउने महिलाहरु हस्तमाया भण्डारी, हेमकुमारी घिमिरे, पूर्णकुमारी घिमिरे, उद्यमी महिला सीता बास्कोटा लगायत १० जनालाई सम्मान गरिएको थियो ।

सांस्कृतिक संघका जिल्ला सदस्य कमला मैनालीले नारी दिवस सम्बन्धी गीत प्रस्तुत गरेको कार्यक्रममा स्वागत महिला संघ झापाका उपसभापति चन्द्रकला भण्डारी र सञ्चालन जिल्ला सचिव टीका मैनालीले गरेका थिए ।


**सदस्यता नवीकरण सम्बन्धी सूचना**

वीरता जेसीजको विधान अनुसार धारा ११.१ बमोजिम आफ्नो सदस्यता नवीकरण गर्नुहुन सम्पूर्ण जेसीज साथीहरुमा हार्दिक आग्रह गर्दछौं ।

सचिवालय
वीरता जेसीज, बिर्तामोड, झापा

**रक्तदान कार्यक्रममा सहभागी हुने निमन्त्रणा**

**सेन्चुरी कर्मसियल बैंक लिमिटेड**को १०औं बार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम राखिएको हुँदा रक्तदान गर्न इच्छुक महानुभावले निम्न मिति, स्थान र समयमा उपस्थित भइदिनुहुन अनुरोध गर्दछौं ।

मितिः २०७७ फागुन २६ गते बुधवार
समयः विहान ८ बजेदेखि
स्थानः वानस्टप मलको प्राङ्गण (सेन्चुरी बैंक छेऊ)

आयोजकः सेन्चुरी कर्मसियल बैंक लिमिटेड, बिर्तामोड शाखा, झापा

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।
नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।
*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*
सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**'जाऔं जाऔं अर्जुनधाराधाम'**

पूर्वका पशुपतिनाथ श्री अर्जुनधारा जलेश्वरधामद्वारा महाशिवरात्री विशेष कार्यक्रम 'एक साँझ शिवका माझ' एक शिव ताण्डव नृत्य तथा एकल शिव भजन गायन प्रतियोगिता हुने भएकाले सम्पूर्ण संगीत तथा नृत्य विद्यालय, सामुदायिक तथा आवासीय विद्यालयहरुलाई सहभागिताका लागि हार्दिक आव्हान गर्दछौं ।

पुरस्कार तथा सम्मान
१) नृत्य
प्रथमः रु. ५१,०००/-
द्वितीयः रु. ३१,०००/-
तृतीयः रु. २१,०००/-
सान्त्वनाः रु. ५/५ हजार (२ जनालाई)

२) गायन
प्रथमः रु. ३१,०००/-
द्वितीयः रु. २१,०००/-
तृतीयः रु. ११,०००/-
सान्त्वनाः रु. २/२ हजार (२ जनालाई)



अडिसन
विहानः १० बजेदेखि
गायनः २५/११, २६/११ नृत्य
ग्राण्ड फिनाले
अन्तिम प्रतियोगिता १०/१० जना
२७।११।०७७ साँझ ५ बजेदेखि

सम्पर्कः संयोजक (देवीभक्त श्रेष्ठः ९८५२६४११२५)
धाम सम्पर्कः (सुधिर बस्नेतः ९८०४९०११२५)

आयोजकः अर्जुनधारा जलेश्वरधाम
अर्जुनधारा, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# अनिश्चयतर्फको यात्रा

सर्वोच्च अदालतले आइतबार नेपाल कम्युनिस्ट पार्टी नामको आधिकारिकता सम्बन्धी रिटमा सम्बद्ध दलले अपेक्षा नगरेको निर्णय गरेको छ । नेपाल कम्युनिस्ट पार्टी नामक दल ऋषिराम कट्टेलले नेतृत्व गरेको दल रहेको भन्दै सत्तारुढ दल नेकपालाई पुरानै अवस्थामा फर्काउने सर्वोच्चको यो फैसलाले राजनीतिक जटिलता र अन्यौल झनै गहिरिएको छ । सर्वोच्चको यो फैसलासँगै वर्तमान सरकारको दलीय अस्तित्व मात्रै होइन उपस्थितिमाथि नै सवाल खडा भएको छ । प्रतिनिधिसभा पुनर्स्थापनापछि बसेको पहिलो बैठककै दिन सर्वोच्चले कट्टेलकै हकदावी कायम रहेको फैसला गरेपछिको राजनीतिक आकाशलाई अँध्यारोले ढाकेको छ । वर्तमान प्रधानमन्त्री केपी ओलीले नेतृत्व गरेको नेकपाको अस्तित्व नै समाप्त भएको फैसलाले यसअघि नेकपा एमाले र माओवादी केन्द्रका बीच भएको एकीकरण पछि बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को एकता परिणामको विषय पनि अनिश्चित बनिएको छ ।

एमाले र माओवादी केन्द्र एकीकृत भई नेकपा बन्नुअघि नै निर्वाचन आयोगमा दर्ता रहेको नेपाल कम्युनिस्ट पार्टी अस्तित्वमा रहेकै अवस्थामा दल दर्ताको नियमनकारी निकायले एउटै नाममा अर्को दल कसरी दर्ता गर्‍यो– विवाद यसले जन्माएको छ । निर्वाचन आयोगले गरेको गल्तीको सजाय दलले भोग्नुपर्ने अवस्था सामान्य नहुन सक्छ । सर्वोच्चले गरेको राजनीतिक दल सम्बन्धी यो फैसलाले संसदमा रहेको दुई तिहाईको इतिहास कै बलियो भनिएको दल धराशायी हुन पुगेको छ । त्यसअघि नै अर्थात् गत पुस ५ गते प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटन गरिएको विषयले नेकपा राजनीतिक रुपले विभाजित भइसकेको थियो । त्यसयता दिनहुँ सडक संघर्ष गर्दै प्रधानमन्त्रीको गैरसवैधानिक निर्णयको खारेजीको माग गरिँदै थियो ।

नेपाल कम्युनिस्ट पार्टी–नेकपाभित्रको कलहको समयमै व्यवस्थापन नहुँदा उत्पन्न परिस्थिति जनताको चाहना होइन । जनताले स्थिरता, शान्ति, समृद्धि र सम्पूर्ण प्रगतिको अपेक्षा गरेर त्यसै अनुसार मत दिएकै हुन् । आपसी द्वन्द्व र विवादको समाधान गर्नुको साटो 'जुंगाको लडाइँ'मा लागेका नेतृत्व पंक्तिले संयम, धैर्य, सहिष्णुता गुमाउँदा, लोकतान्त्रिक विधि, पद्धति र प्रक्रिया उल्लंघन गर्दा उत्पन्न संकटले देश र जनता प्रभावित हुनुहुँदैन । नेपाल कम्युनिस्ट पार्टी नेकपाको संसदीय दल र केन्द्रीय समितिमा देखिएको विभाजनको अभ्यास अब कुन दिशातर्फ जान्छ त्यसैले देश र राजनीतिको भविष्य निर्धारण गर्छ । त्यसतर्फ तत्कालीन एमाले र माओवादी केन्द्र गम्भीर हुनुपर्छ । अझ एमाले त्यसमाथि पनि वर्तमान प्रधानमन्त्री ओलीले व्यक्ति र समूह स्वार्थभन्दा माथि उठेर अभिभावकीय भूमिका र दायित्व निर्वाह गर्न अग्रसर हुनुपर्छ । त्यसो नगरिए नाइकेसँगै यात्रीहरुले पनि अन्धकार गर्तमा हराउनुपर्ने हुनसक्छ, हेक्का राखियोस् ।

# महिला : अवस्था र दायित्व



सावित्रा दहाल

**ऐतिहासिक पृष्ठभूमि**

प्रत्येक वर्ष मार्च ८ मा मनाइने अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस यस वर्ष 'Women the Leadership : Achieving an equal Future in a COVID-19 World' भन्ने अन्तर्राष्ट्रिय नाराका साथ विश्वभरि र 'महिलाको सुरक्षा, सम्मान र रोजगार : समृद्ध नेपालको आधार' भन्ने राष्ट्रिय नाराका साथ देशभरि मनाइएको छ। यो दिन नारीहरुले आफूले गरेको कामको समान सम्मान र पारिश्रमिकमा समानता कायम रहोस् भनेर आवाज उठाएको दिन। नारी वा महिला प्राकृतिक वा जैविक लिङ्गभेद हो। जुन मानिसले परिवर्तन गर्न सक्दैन। तर, समाजद्वारा निर्धारण गरिएका महिला र पुरुषबीचका फरक-फरक भूमिकालाई नै सामाजिक लिङ्गभेद भनिन्छ। जुन मानिसद्वारा सृजित हुन्छ र हामीले परिवर्तन गर्न सक्दछौं। सामाजिक लिङ्गभेदबाट मुक्त हुनु र अर्थात् महिला र पुरुष दुबैमा राजनीतिक, आर्थिक, शैक्षिक तथा सामाजिक लगायतका क्षेत्रमा साधन एवम् स्रोतको न्यायसंङ्गत तरिकाबाट वितरण हुनुसँग सम्बन्धित हुनुपर्दछ।

दुबैथरीका लागि सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक लगायतका क्षेत्रमा समान र न्यायसंगत तरिकाबाट अवसरहरु प्राप्त हुनु पर्दछ। यिनै समस्याहरु निर्मूल गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा महिला माथिको सोचमा परिवर्तन ल्याउने सन् १८५५ मा जर्मनीमा जन्मिएकी संघर्षशील नारी क्लार जेटकिनले शान्ति, समानता र विकासको पक्षमा संघर्ष गर्दै विश्वमा नै नौलो इतिहास कायम गरिन् र उनकै योगदानबाट अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन सौभाग्य प्राप्त भयो। सन् १९१० मा कोपनहेगनमा भएको अन्तर्राष्ट्रिय सम्मेलनबाट यसलाई विश्वव्यापी रुपमा मनाउन जर्मनका समाजवादी नेता लुईज जेल्सले प्रस्ताव गर्नुभयो। त्यस प्रस्तावलाई १७ देशका १०० महिलाले समर्थन गरे।

सन् १९११ मार्च १९ मा अष्ट्रिया, डेनमार्क, जर्मनी, स्वीजरल्याण्ड, हंगेरी जस्ता देशहरुमा महिलाहरुलाई मताधिकारको साथै विभिन्न कार्यालयमा काम गर्ने अवसर प्रदान गर्नुपर्ने प्रस्ताव राखेर व्यानरसहित महिलाहरुले जुलुस निकाले। त्यसपछि महिला मजदुर संगठित हुन र संगठित रुपमा सामुहिक समस्या राख्ने परम्पराको विकास भयो र विश्वभरिका महिलाहरु संगठित हुने र आफ्ना समस्यालाई साझा रुपमा राख्न थाले। रोजगारीमा लैङ्गिक विभेदविरुद्ध आवाज उठाए। त्यसपछि अमेरिकाले पनि यस कुरालाई मान्यता दियो। सन् १९७७ मार्च ८ तारिकमा संयुक्त राष्ट्र संघमा बसेको साधारण सभाले मार्च ८ लाई नारी दिवस मनाउने घोषणा गर्‍यो र 'महिला वर्ष' घोषणा गर्‍यो साथै सन् १९७६ देखि १९८५ लाई 'संयुक्त राष्ट्र संघ संघीय महिला दशक' र महिला उपर हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी पारित गर्‍यो। त्यसपछि विश्वव्यापीरुपमा महिलाहरुले आफ्नो आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रहरुमा समान पहुँच हुनुपर्ने कुरामा जोड दिँदै क्रमशः घरबाट बाहिर निस्कन शुरु गरे।

**नेपालमा महिला आन्दोलनको थालनी र अन्तराष्ट्रिय महिला दिवसको शुरुवात**

नेपालमा कानूनीरुपमा महिला अधिकार प्रयासलाई हेर्दा वि.सं. १९१० को मुलुकी ऐन विभेदकारी भए पनि त्यसलाई महिलाका विषयमा बोल्ने पहिलो कानूनमा रुपमा लिइन्छ। त्यस्तै वि.सं. १९७४ सालमा गोर्खामा दिव्या कोइरालाको अगुवाईमा योगमाया देवी, चन्द्रकला, लक्ष्मीदेवी, द्वारिकादेवी, चन्द्र ढकुरानी आदि अग्रणी महिलाहरुबाट महिला समिति गठन भएको थियो। त्यस्तै वि.स. १९९८ सालमा योगमाया देवी न्यौपानेको नेतृत्वमा ६८ जनाको जलसमाधी ( देहत्याग), संगठित रुपमा महिलाहरुले सामाजिक सुधारका निम्ति गरेको पहिलो संघर्ष थियो। जुन समयमा सतिप्रथाको विरुद्धमा महिला जुट्नु पनि एउटा प्रमुख कारण थियो। विश्वमा भएका राजनीतिक परिवर्तनसँगै विशेषगरी भारतमा शुरु भएको स्वतन्त्रता संग्रामबाट प्रभावित भएर नेपाली महिला संगठित भई समाजमा महिलाविरुद्ध हुने सामाजिक विभेद र शोषणविरुद्धमा महिलाको हक, अधिकार र स्वतन्त्रताका लागि गरेको योगदान अविश्मरणीय छ।

त्यसैगरी वि.स. २००३ साल फागुन २१ गते विराटनगर स्थित जुटमिल आन्दोलनमा महिलाहरुको सक्रिय भूमिका रह्यो। प्रथम मजदुर हड्तालमा दिब्यादेवी कोइराला, नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी गिरी लगायत हुनुहुन्थ्यो। महिलाका महत्व दिइएको थिएन। जब वि.सं. २०५८ सालमा महिला अयोगको गठन भयो त्यसपछि सरकारी स्तरबाट र राष्ट्रव्यापी रुपमा यस दिवसलाई मनाउन शुरु गरियो। यसलाई कसैले महिला दिवस वा कसैले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउन थालियो। वि.सं. २०७४ सालमा श्रम ऐन, २०७४ बनेपछि कानूनमा व्यवस्था भए अनुसार यसलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउन सरकारले विदा घोषणा गर्‍यो र यो दिवस हर्षोल्लासपूर्वक मनाउन थालेको छ।

**नेपालमा महिलाको वर्तमान अवस्था**

नेपालमा वि.स. २०७२ सालको संविधानले महिलाको हरेक क्षेत्रमा ३३ प्रतिशत अनिवार्य सहभागिता हुनुपर्ने कुरा जब उल्लेख गर्‍यो तब महिला सहभागिता हरेक क्षेत्रमा उत्साहजनक रहेको छ। हाल नेपालमा राष्ट्रपति विद्यादेवी भण्डारी, सभामुख ओन्सरी घर्ती मगर, प्रधान न्यायाधीश शुसिला कार्की, सर्वोच्च अदालतमा महिला न्यायाधीश तीन जना, उच्च अदालतमा न्यायाधीश तीन जना, सांसद प्रत्यक्षबाट १० जना, मन्त्रीमण्डलमा महिला सहभागिता तीन ( केही समयअघिको तथ्यांक) रहेको पाइन्छ। यसका साथै नेपालको इतिहासमा देशभरमै जनप्रतिनिधि महिला यति धेरै भएको इतिहासमै पहिलो पटक हो।



अधिकारलाई शसक्त बनाउन २००४ सालमा नेपाल महिला संघको स्थापना भयो। शुरुमा महिला अधिकारका लागि एकढिक्का भएका महिलाहरु वि.सं. २००७ सालमा नेपाली कांग्रेस र तत्कालीन दिल्ली सरकारबीच सल्लाहकार सभा राजाबाटै घोषणा गर्ने निर्णय भएपश्चात कांग्रेस र कम्युनिष्ट समर्थक महिलाबीच विचारमा विचलन आयो र वि.सं. २००८ साल फागुन २४ गते अर्थात् अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर अखिल नेपाल महिला संघको स्थापना भयो। यसको नेतृत्व कामक्षादेवी बस्नेत, साहाना प्रधान, साधना अधिकारी नानीमैया नकर्मी लगायत महिलाहरुले गर्नुभयो। यसरी नेपालको इतिहासमा महिलाहरु संस्थागत रुपमा अघि बढेको पाइन्छ। आज जुन अवस्थामा हामी निर्धक्क साथ आफ्ना कुराहरु राखिरहेको छौं, यो सबै हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा योगदान गर्ने अग्रज महिला अधिकारकर्मीहरुको योगदानको उपज हो।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने अन्तर्राष्ट्रिय महिला दिवस २०१७ सालमा धनकुटामा महिला शिक्षकहरुले आइमाई दिवसको रुपमा मनाएका पाइन्छ। वि.सं. २०३३ सालमा पञ्चायतको वर्गीय संगठन नेपाल महिलासंघले यसलाई मनाएको पाइन्छ। त्यसैगरी २०३७ मा अखिल नेपाल महिला संघको पुर्नगठन भए पनि बामपन्थी महिलाहरुले यसलाई सक्रियताका साथ मनाउन पनि अन्य महिला संघ-संगठनले पनि यसलाई आ-आफ्ना तरिकाकाले मनाए। तर, सरकारको आधिकारिक रुपमा भने यसलाई

यो तथ्यांकीय अवस्थालाई हेर्दा नेपालमा महिला अधिकारका क्षेत्रमा केही सुधार भएको छ यद्यपि पूर्ण भने छैन।

नेपालमा महिला स्वतन्त्रता एवम् हकअधिकारको सुरक्षा, संरक्षण र कार्यान्वयन सम्बन्धमा धैरै प्रयासहरु भएका छन्। महिलाविरुद्ध हुने सबै भेदभाव उन्मुलन गर्ने महासन्धि-१९७९ लाई कार्यान्वयन गर्न नेपालले गरेका प्रयास, श्रम ऐन-२०४८, निजामती सेवा ऐन-२०४९, नेपाल नागरिकता ऐन-२०६३, मुलुकी ऐन-२०२० को ११औं तथा १२औं संशोधन, लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६३, राष्ट्रिय महिला आयोग ऐन-२०६३, नियमावली-२०६५, घरेलु हिंसा कसुर र सजाय ऐन २०६६, नियमावली-२०६७, लैंगित हिंसा निवारण कोष नियमावली-२०६७, प्रहरी नियमावली-२०४९ को संशोधन, छाउपडी प्रथा उन्मुलन निर्देशिका-२०६३, लगायत थुपै कानूनी तथा संस्थागत प्रयास भएका छन् यद्यपि आशातित प्रतिफल प्राप्त भएको छैन।

यसका प्रमुख कारणहरु राज्यका हरेक क्षेत्रमा आरक्षण प्रबन्ध रहेता पनि महिलाबादी आन्दोलन आफैमा कमजोर हुनु, स्व-निर्णय र भावनात्मक एकताको कमीका कारण महिला अझ पछाडि छन्। वास्तवमा राज्यशक्तिको क्षेत्रमा संलग्नताको हिसाबले राजनीतिमा महिलाको लगाव अस्पष्ट हुनु, हकअधिकारको संरक्षणमा राजनीतिक अभिष्टता पूरा गर्ने सवालमा संलग्न हुनु, भावनात्मक एकतामा रहन नसक्नु, आफैले पाएको अधिकारको सही उपयोग गर्न नसक्नु, विभेदका नाममा आफूलाई निरीह ठानेर सुविधाको मात्र आशा राख्नु, स्वकर्म र सक्षमतामा आफूलाई परिभाषित गर्न नसक्नु आदिले कारणले महिलाको सर्वाङ्गिण विकास हुन सकेको छैन। महिलाहरुको अझै पनि हरेक क्षेत्रमा गुणात्मक सहभागिताको खाँचो छ।

**महिला सशक्तिकरणका उपायहरु**

महिला सशक्तिकरण भन्नाले महिलाले आफ्नो अधिकारको पहिचान गर्ने, प्राप्ति गर्ने र उपयोग गर्नेसँग सम्बन्धित छ। महिलालाई हरेक क्षेत्रमा सशक्त बनाउन आर्थिक पक्ष महत्वपूर्ण हुन्छ। यसको अतिरिक्त महिलालाई हरेक क्षेत्रमा सफल र सक्षम बनाउन र समान अधिकारको लागि निम्न उपायलाई अवलम्ब गर्न सकिन्छ।

१. कानून प्रदत्त हकअधिकारको सुनिश्चितताको लागि सबै संघ-संस्था वा निकायबाट पहल गर्ने,
२. हरेक क्षेत्रमा महिलाको गुणात्मक सहभागितालाई प्राथमिकता दिने,
३. महिलाको सशक्तिकरण गर्दै विकासको मूल प्रवाहमा ल्याउन तथा भेदभावरहित समाजको स्थापना गर्न क्षमता विकास तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
३. घरेलु हिंसा न्यूनीकरण, मानव बेचविखन नियन्त्रणका लागि किशोरी शिक्षा, कानूनी शिक्षा तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा हिंसापीडित महिलाको लागि क्षमता अभिबृद्धि तथा आयआर्जन वृद्धिका कार्यक्रम सञ्चालन गर्ने,
४. एकल महिलाको क्षमता तथा सीप विकासका गरी समाजमा उनीहरुको जीवन मर्यादित बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने,
५. आर्थिक क्षेत्रमा महिलाको पहुँच बढाउन महिला उद्यमशीलता विकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने,
६. विभिन्न संघ-संस्थामा महिलाको गुणात्मक सहभागिताको लागि सम्बन्धित निकायले पहल गर्ने,

माथि उल्लेखित उपायहरु अवलम्बन गर्न सके महिलाको हरेक क्षेत्रमा सक्रिय र गुणात्मक सहभागिता हुने निश्चित छ। महिला सहभागिताका नाममा महिलालाई केवल गणपुरक संख्या पुर्‍याउन र कानूनी प्रावधान पूरा गर्न मात्र सहभागी गराउने नभई नीतिगत तह र महत्वपूर्ण जिम्मेवारीमा समेत उनीहरुलाई सहभागी गराउनु आवश्यक छ। महिलाको सहभागिता मात्र नभई गुणात्मक सहभागिता आजको आवश्यकता र खाँचो हो।

अन्त्यमा,

महिला हिंसा आर्थिक, सामाजिक विकासको बाधक हो। हिंसा न्यूनीकरणमा यो दिवसले सहयोग पुर्‍याउने छ। विश्वभरिका महिलाहरुले आर्थिक, सामाजिक र राजनीतिक समानताका लागि आवाज उठाएको यो दिन महिलाहरुको विशेष पर्व हो। समाजमा महिलामाथि हुने गरेका आर्थिक, सामाजिक र संस्कृति लगायतका विभेद हटाउन महिला र पुरुष दुबैको समान सहभागिता हुनुपर्दछ र महिलाको हकअधिकार र सम्मानका लागि सबैले ध्यान पुर्‍याउनु पर्दछ। नेपालको संविधानमा व्यवस्था भए बमोजिमको अधिकार प्रयोग गरी महिलाको सर्वाङ्गिण विकास गर्नुपर्दछ।

महिलाको समानुपातिक समावेशी अर्थपूर्ण सहभागिता संविधानसभा मात्र सीमित नगरेर अब शैक्षिक संस्था, स्वास्थ्य, न्यायालय, लोकसेवा, सुरक्षा निकाय लगायत सबै निकायमा त्यो प्रतिनिधित्वको सुनिश्चितता कसरी गर्ने भन्नेमा पनि गृहकार्य हुन जरुरी छ। खाली एकोहोरो संविधानसभा मात्र महिलाको व्यवस्था गरेको छ भनेर संख्या खोजेर हामी कहीं पुग्दैनौं, त्यसैले सबै तह र निकायमा महिलाको सम्मानजनक प्रतिनिधित्व गराउन पूर्वाधार निर्माण गर्दै जान सहयोग पुगोस्। सबैमा शुभकामना।

# देवी र इन्दिरालाई उत्कृष्ट नारी सम्मान

**झिलझिले, फागुन २४।** समाज रुपान्तरण र शिवसताक्षी नगरलाई पहिचानका आधारमा परिचित गराउने नगरका दुई महिलालाई १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर सम्मान गरिएको छ ।

मौरीपालन गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नगरको छुट्टै पहिचान बनाउन सफल देवीकुमारी ओली दाहाललाई सम्मान गरिएको हो । ओली विगत २० वर्षदेखि मौरीपालन व्यवसायमा क्रियाशील छन् । उनकै नेतृत्वमा नगरमा छ सयभन्दा बढी किसानले मौरीको व्यवसायिक पालन गरिरहेका छन् । ओली सतासी महिला मौरीपालन कृषि सहकारी संस्थाकी व्यवस्थापक तथा नेपाल मौरीपालन महासंघकी केन्द्रिय उपाध्यक्ष हुन् ।

त्यस्तै आफ्नो पैतृक सम्पत्ति नेपाल सरकारलाई प्रदान गरेर समाज रुपान्तरणमा अग्रपंक्तिमा रहेकी इन्दिरा गौतमलाई समेत सम्मान गरिएको छ । गौतम गोपाल गौरी दिगो विकास प्रतिष्ठान नेपालकी केन्द्रिय अध्यक्ष हुन् । विगत १५ वर्षदेखि प्रतिष्ठान स्थापना गरेर पछिल्लो चार वर्षदेखि तीनवटै सरकारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गरिरहेकी गौतम एकल महिला हुन् । वेरोजगार महिलाले सीप सिकेर आत्मनिर्भर बन्न चाहे उनले सीप सिकाएर महिलालाई व्यवसायिक बन्न अभिप्रेरित गरिरहेकी छन् ।



उनले कम्तिमा ६० महिलालाई सीप सिकाएर रोजगारी दिएकी छन् ।

शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्मा, प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राई, नगर स्तरीय महिला समितिकी अध्यक्ष गीता खरेलले दोसल्ला र सम्मान पत्रद्वारा दुबै जनालाई सम्मान गरेका थिए । १११औं अन्तर्राष्ट्रिय महिला दिवस कार्यक्रमको आयोजक शिवसताक्षी नगरस्तरीय महिला समितिले दुबै जना सम्मान पाउने उत्कृष्ट महिला पात्र छनौट गरेकोमा सहभागीले आयोजकको प्रशंसा समेत गरे ।

कार्यक्रममा ११ वटै वडाका पाँच सयभन्दा बढी महिलाहरुको सहभागिता रहेको थियो । कार्यक्रममा मारुनी नृत्य, नौमती बाजा र लिम्बू समुदायको च्याब्रुङ्ग नृत्यले रौनकता थपेको थियो । नौमती बाजामा कार्यक्रमका सहभागीले सामुहिक नृत्य समेत गरेका थिए । सोही कार्यक्रममा ११ वटै वडाबाट नारी विषयक कविता प्रतियोगिता समेत भएको थियो । प्रतियोगितामा कक्षा १० मा अध्ययन गर्ने छात्रादेखि ६८ वर्षकी वृद्धाले पनि सहभागिता जनाएका थिए । नगरको महिला तथा बालबालिका शाखाका प्रमुख बद्री दाहालका अनुसार प्रथम एक हजार पाँच सय, द्वितीय एक हजार र तेश्रो हुनेलाई पाँच सय नगद पुरस्कार प्रदान गरिएको थियो ।

नगरस्तरीय महिला समितिकी अध्यक्ष गीता खरेलको अध्यक्षतामा भएको कार्यक्रममा नगरकी प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राई, जिल्ला समन्वय समितिकी सदस्य जुनु महाराले लगायतले मन्तव्य राखेका थिए । समितिकी उपाध्यक्ष गोमा रिजालले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव रोजी लुइँटेलले गरेकी थिइन् ।

# प्रेस संगठनको जिल्ला भेला



**बिर्तामोड, फागुन २४।** प्रेस संगठन नेपाल झापाको भेला बिर्तामोडमा सम्पन्न भएको छ ।

उक्त भेलाले ३५ सदस्यीय जिल्ला कमिटी समेत गठन गरेको छ भने सुब्रत न्यौपानेको संयोजकत्वमा नौ सदस्यीय सचिवालय समेत गठन गरेको छ । सचिवालयको सदस्यहरुमा झुलन रेग्मी, अनिलदेव राई, उद्धव पुरी, सन्तोष शर्मा, पुष्पलाल खड्का, नन्दलाल खतिवडा, तिलक योञ्जन र किशोर उपरकोटी रहेका छन् ।

प्रेस संगठन नेपाल झापाका संयोजक सुब्रत न्यौपानेको अध्यक्षता तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) केन्द्रिय सदस्य तथा झापा इञ्चार्ज रविन कोइरालाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सह-संयोजक अनिलदेव राई र झुलन रेग्मीले स्वागत गरेका थिए ।

कार्यक्रममा नेकपा झापा इञ्चार्ज तथा कार्यक्रमका प्रमुख अतिथ कोइराला, नेकपा प्रदेश सदस्य तथा प्रदेश सांसद झलकसिंह दर्लामी, नेकपा झापा अध्यक्ष वेदराज रेग्मी, नेपाल पत्रकार महासंघ १ नं. प्रदेश महासचिव विवेक गौतम, अग्रज पत्रकार लीला बराल, संगठनका १ नं. प्रदेश इञ्चार्ज राजन केडी, नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्ष कृष्ण हुमागाँई, जिल्ला सहकारी संघ झापाका सचिव भवानीप्रसाद दंगाल, संगठनका प्रदेश १ सदस्य राजु अधिकारी, आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) १ नं. प्रदेश इञ्चार्ज दिपीन राई, प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

झापाको जिल्ला कमिटी घोषणा संगठनका प्रदेश १ का सह-इञ्चार्ज तीर्थ सिग्देले गरेको कार्यक्रममा सपथ ग्रहण संगठन १ नं. प्रदेश संयोजक देवेन्द्र कार्कीले गराएका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तारामणि सापकोटा, नेकपा झापा सचिव मणिकुमार साम्पाङ, संगठन १ नं. प्रदेश सह-संयोजक मुक्ति पौडेल, संगठन १ नं. प्रदेश सचिव सुजन तिम्सिना, नेकपा प्रदेश १ सदस्य ज्योतीसिंह दर्लामी, संगठनका केन्द्रिय सदस्य विमल लामिछाने, दयाराम दाहाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव उद्धव पुरीले गरेका थिए ।

# जनकल्याण समाजको ३४औं स्थापना दिवस

**दुर्गापुर, फागुन २४।** कनकाई नगरपालिका-७ दुर्गापुरस्थित जनकल्याण समाजको ३४औं स्थापना दिवसमा रक्तदान कार्यक्रम गरिएको छ ।

२०४४ सालमा स्थापित संस्थाले आफ्नो स्थापना दिवसको अवसरमा प्रत्येक बर्ष फागुन २४ गते रक्तदान कार्यक्रमको आयोजना गर्दै आएको छ । 'रक्तदान जीवन दान' भन्ने नाराका साथ भएको रक्तदान कार्यक्रममा छ जना महिलासहित ४० जनाले रक्तदान गरेका थिए । मनोजकुमार थापाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष भिष्मभुषण सिटौलाले रक्तदान गरी कार्यक्रमका शुभारम्भ गरेका थिए ।

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाको प्राविधिक सहयोगमा भएको कार्यक्रममा कनकाई नगरपालिकाका मेयर राजेन्द्र पोखरेल, वडाध्यक्ष लिलाबहादुर कन्दङ्वा, वडा सदस्य गीता चौहान लगायतले कार्यक्रम सफलताको शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन समाजका सचिव डिल्लीराम चापागाईले गरेका थिए ।

# समानताका लागि महिलाको अर्थपूर्ण सहभागितामा जोड

## मन्त्रीमण्डल र दलमा ५०% महिला चाहियो



**बिर्तामोड, फागुन २४।** समानताका लागि राजनीतिक, सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता अनिवार्य भएको बताइएको छ ।

महिलाको अर्थपूर्ण सहभागिता बिना समानताको कुरा अर्थहीन हुने भन्दै सरोकारवालाले हरेक क्षेत्रमा महिलाको समान प्रतिनिधित्वसँगै निर्णय र नीति-निर्माण तहमा उनीहरुको अर्थपूर्ण सहभागिता अनिवार्य भएको निष्कर्ष निकालेका छन् ।

१११औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा 'महिलाको सुरक्षा, सम्मान र रोजगार : समृद्ध नेपालको आधार' भन्ने नाराका साथ संवाद समूह, महिला समूह झापा र न्याय तथा विकासका लागि सामाजिक सञ्जाल कचनकवलले सोमबार बिर्तामोडमा आयोजना गरेको संवादमा सहभागिताहरुले त्यस्तो निष्कर्ष निकालेका हुन् ।

'समानताका लागि महिलाको अर्थपूर्ण सहभागिता, समावेशीकरणको सवाल र सरोकारवालाको दायित्व' विषयमा भएको संवादमा कान्तिपुरका पत्रकार अर्जुन राजवंशीले नेपालमा महिलाको अवस्थाबारे तथ्यांकगत चित्र प्रस्तुत गरेका थिए । मन्त्रिमण्डल, राजनीतिक दल, निजामति सेवा लगायत सबै क्षेत्रमा महिलाको सहभागिता तथ्यांकमा अत्यन्त न्यून देखिएको छ ।

कार्यक्रमकी अध्यक्ष प्रदेश नं. १ कि सांसद तथा पूर्व राज्यमन्त्री जसमाया गजमेरले महिलाको तथ्यांकगत सहभागिता वृद्धिमात्र नभई अर्थपूर्ण सहभागिताका लागि अब सबैले आ-आफ्नो ठाउँबाट खबरदारीका साथ अग्रसर हुनुपर्ने जोड दिइन् ।

संवादमा सहभागी सरोकारवालाले साझा प्रतिबद्धतासहित सरकार तथा राजनीतिक दलको ध्यानाकर्षण समेत गराएका छन् । मुलुकमा व्याप्त क्षेत्रीय, भाषिक, लैङ्गिक लगायत सबैखाले विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय स्थापित गर्न आ-आफ्नो ठाउँबाट अर्थपूर्ण महिला सहभागिताको पहल गर्ने उनीहरुको प्रतिबद्धता छ । साथै उक्त कार्यका लागि उनीहरुले सरकार लगायत सबैले सरोकारवालाको ध्यानाकर्षण समेत गराएका छन् ।

उनीहरुले छुट्टाछुट्टै समूहगत रुपमा छलफल गरी हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिताका लागि सरकार, राजनीतिक दल, संघ-संस्था तथा आफू स्वयम्ले गर्नुपर्ने कामको निष्कर्ष प्रस्तुत गरेका थिए ।

महिलाको शिक्षा, क्षमता अभिवृद्धि, आर्थिकरुपमा आत्मनिर्भरतादेखि राजनीतिक दल र मन्त्रिमण्डलमा संविधानले व्यवस्था गरेको ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न उनीहरुको जोड छ । महिला सहभागिता अबका दिनमा ५० प्रतिशतमा पुऱ्याउनुपर्ने समेत सहभागीको जोड थियो । पत्रकार राजवंशीसहित अधिवक्ता खगेन्द्र खरेल, अधिवक्ता कविता शर्मा लगायतले सहजीकरण गरेको कार्यक्रममा कुमार चुडालले स्वागत गरेका थिए ।

संवादमा विभिन्न राजनीतिक दल, स्थानीय सरकार, सञ्चार क्षेत्र, अधिकारकर्मी, सामाजिक संघ-संस्था, एकल महिला, अपाङ्गता भएकाहरु लगायतका क्षेत्रबाट सहभागिता रहेको थियो ।

छलफलमा लक्ष्मी न्यौपाने सरु, संगीता रौनियार, रञ्जु प्याकुरेल, निता घतानी, निश्चलता लावती, शारदा रिजाल, राधा सुब्बा, कञ्चना सिटौला, नैनकला भट्टराई, स्वस्तिका आचार्य, सनम राजवंशी, शर्मिला राजवंशी, सुष्मा राजवंशी, अनिता कन्दङ्वा, राधिका चुडाल हुमागाँई, तिलरुपा श्रेष्ठ, भिमा शिवाकोटी, रेजिना गौतमले विभिन्न सुझाव राखेका थिए ।

त्यस्तै पार्वता विमली, उर्मिला खरेल, रविना मैनाली, समिरा मैनाली, तारा राई, सोमनाथ भट्टराई, मनिता सिटौला, राजेन्द्र उप्रेती, अनिल सुवेदी, रोजिना पाण्डे, पूजा कँडेल, सरिता दाहाल, सृजना बराल, भीमकुमारी श्रेष्ठ, प्रेमा भट्टराई, हेमला चौधरी, जमुना खरेल, बिष्णु खरेल लगायतले समेत महिलाको अर्थपूर्ण सहभागिताका लागि सरोकारवालाले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा सुझाव राखेका थिए ।

# नारी दिवसमा सम्मान





**झापा, फागुन २४।** कमलनगर जेसीजले १११औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा कमल गाउँपालिका कमल-२ स्थित ज्योति माध्यमिक विध्यालयमामा अध्ययनरत् छात्राहरुसँग अन्तरक्रिया तथा सेनिटरी प्याड वितरण गरेको छ ।

कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कमल-२ ज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष देवका न्यौपाने, महिला सशक्तिकरण केन्द्रकी अध्यक्ष गौरा चापागाई, महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता दाहाल, कमलनगर जेसीजका पुर्व अध्यक्ष तथा कमल गाउँपालिका वडा नं. १ का अध्यक्ष केदार कटुवाल, निवर्तमान अध्यक्ष हेम दाहाल अध्यक्षका प्रमुख सल्लाकार नारायण बस्नेत लगायतले शुभकामना दिएका थिए ।

कमल नगर जेसीजका अध्यक्ष गोपाल खनालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव महेश भण्डारीले गरेका थिए ।

त्यसैगरी १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर चन्द्रगढीमा एक जना आमा र एक जना असल बुहारीलाई सम्मान गरिएको छ ।

चन्द्रगढी सेवा समाजको आयोजनामा भएको कार्यक्रममा विगत २०६७ सालदेखि निरन्तर रुपमा आफ्ना अपाङ्ग असक्त ८५ बषीय ससुराको सेवामा अहोरात्र लागीपरेको भन्दै असल बुहारीको रुपमा भद्रपुर-१० निवासी अम्बिका घिमिरेलाई सम्मान गरिएको हो ।

त्यसैगरी ज्येष्ठ आमा सम्मानबाट भद्रपुर-९ निवासी ८६ बर्षिया भीमकुमारी पोखरेललाई सम्मान गरिएको छ । उनीहरुलाई कार्यक्रमकी प्रमुख अतिथि नगर उपप्रमुख चन्द्रमाया श्रेष्ठले दोसल्ला र सम्मान पत्र प्रदान गरेकी थिइन् ।

सोही कार्यक्रममा नेपाल बार एशोसियशन झापाकी सहसचिव कानून व्यावसायी देवी निरौलाले महिला हक अधिकारका विषयमा कानूनी सचेतना समेत प्रदान गरेकी थिइन् ।

कमलप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत नयाँनाथ पाण्डेले गरेका थिए । कार्यक्रममा भद्रपुर-१० का कार्यवाहक वडाध्यक्ष तुलसी पोखरेल, चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष हिराप्रसाद पोखरेल, गोमा भट्टराई लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन देवी अधिकारीले गरेकी थिइन् ।

# नेवाः पासा मुना पुचः बिर्तामोडको सभा



**बिर्तामोड, फागुन २४।** नेवाः पासा मुना पुचः बिर्तामोडको २७औं साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष दिनेश श्रेष्ठको अध्यक्षता तथा राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष धनजुजु श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष राजीव श्रेष्ठले स्वागत गरेका थिए ।

कार्यक्रममा बिर्तामोड-४ का वडाध्यक्ष कुलप्रसाद संग्रौला, बिर्तामोड उद्योग वाणिज्य संघका नवानिर्वाचित अध्यक्ष प्रकाश शिवाकोटी, नेवाः देय दबूः प्रदेश १ का उपाध्यक्ष कृष्ण उदास, दबूका झापा अध्यक्ष दिनेश शाक्य, विधान संशोधन समितिका संयोजक दिपक प्रधान, नेवाः पासा मुना पुचःका पूर्व अध्यक्ष श्यामकुमार ताम्राकार, निवर्तमान अध्यक्ष ईश्वरा श्रेष्ठ, नेवाः मिसा पुचःकी अध्यक्ष निलम प्रधान लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेवाःछें निर्माणका लागि पाँच लाख रुपैयाँ प्रदान गर्ने डा. हिराबहादुर श्रेष्ठ, गोकुल श्रेष्ठलाई नेवारी परम्परा अनुसार सम्मान गरिएको थियो भने ११ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन संस्थाका सचिव कमल श्रेष्ठले गरेको कार्यक्रम संयोजक प्रभात मानन्धरले जानकारी दिए ।

# बिर्तामोड एजुकेशन फाउण्डेशन पाँचौं वर्षमा



**बिर्तामोड, फागुन २४।** बिर्तामोडमा मुख्य कार्यालय रहेको शैक्षिक परामर्श केन्द्र 'बिर्तामोड एजुकेशन फाउण्डेशन प्रा.लि.' स्थापनाको चौथो वर्ष पूरा गरी पाँचौं वर्षमा प्रवेश गरेको छ ।

उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीलाई आवश्यक शैक्षिक परामर्श दिने उद्देश्यले २०७३ चैत २४ गते बिर्तामोड एजुकेशन फाउण्डेशन स्थापना भएको थियो । फाउण्डेशनका अध्यक्ष राजकुमार कार्कीका अनुसार इलामको फिक्कल र झापाको चारआलीमा फाउण्डेशनको शाखा कार्यालय समेत स्थापना गरिएको छ ।

वि.सं २०७५ मा चारआली र २०७६ मा फिक्कलमा शाखा कार्यालय स्थापना गरी विद्यार्थीलाई आवश्यक सैक्षिक परामर्श सेवा प्रदान गरिरहेको अध्यक्ष कार्कीले बताए । फाउण्डेशनको मुख्य कार्यालय भने बिर्तामोडको भद्रपुर रोडमा रहेको छ ।

बिर्तामोड एजुकेशन फाउण्डेसनले उच्च शिक्षा अध्ययनका लागि जापान, अष्ट्रेलिया, युके, क्यानडा, दक्षिण कोरिया तथा यूरोपियन मुलुक जान चाहने विद्यार्थीका लागि आवश्यक शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको छ । फाउण्डेशनले जापानिज, अंग्रेजी, कोरियन भाषा प्रशिक्षणका साथै कम्प्युटर कक्षा र आईएलटीएस कक्षा समेत सूचारु गरिरहेको अध्यक्ष कार्कीले बताए ।

# नेपाल राष्ट्रिय शिक्षक संगठन कमलको अध्यक्षमा पुनः अधिकारी



**कमल, फागुन २४।** नेपाल राष्ट्रिय शिक्षक संगठन कमल गाउँ समितिको अध्यक्षमा मधुसुधन अधिकारी चयन भएका छन् ।

संस्थाको दोस्रो सधारणसभाले अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको महिला उपाध्यक्ष अम्बिका खड्का, उपाध्यक्ष भीमप्रसाद पोखेल, सचिव श्रीप्रसाद दाहाल, सहसचिव अम्बिका काकी, कोषाध्यक्ष सुमन गौतम, सहकोषाध्यक्ष सरस्वती बुढाथोकी रहेका छन् ।

त्यस्तै सदस्यहरुमा धीरेन्द्रराज पौडेल, दुर्गाप्रसाद पौडेल, खेमनाथ गौतम, ओमप्रसाद निरौला, मदन अधिकारी, यमप्रसाद ओस्ती, सुदर्शन काफ्ले तथा महिला सदस्यमा इन्दिरा दाहाल र मुना गुरुङ रहेका छन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठन कमल गाउँ समितिका अध्यक्ष मधुसुधन अधिकारीको अध्यक्षता तथा कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बेनु शिवाकोटी, नेपाल राष्ट्रिय शिक्षक संगठन राष्ट्रिय समिति सदस्य नारायणप्रसाद गौतम लगायतले शुभकामना दिएका थिए ।


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| सरुमलाल गणेश | पाठामारी-६ | १०३४ | ६७७.२६ | छोटा जेठा सतार |
| सरुमलाल गणेश | पाठामारी-६ | १०३५ | १३५४.५२ | छोटा जेठा सतार |
| जगदिश राजवंशी | जुरोपानी-१ | २०११ | ८१४५.०० | कुसुमलाल/कुसुम लाल राजवंशी |
| स्वतीदेवी ताजपुरिया | जुरोपानी-१ | १९९४ | २५८८.२५ | महाविर नुनिया/किस्कु ताजपुरिया |
| उर्मिला अधिकारी | जुरोपानी-१ | २४९३ | ८५६.६७ | सिफला/सिफता मिया |
| दिनानाथ राजवंशी | जुरोपानी-१ | २०१० | ८१४५.०० | कुसुमलाल/कुसुमलाल राजवंशी |
| ईश्वरादेवी उप्रेती | घैलाडुव्वा-३ | १९ | ०-५-१५ | गोपाल सतार |
| खिनमाया ढुंगाना | वाहुनडांगी-६ | १६४० | ०-५-० | हस्तमान मगर/हस्तमान केरुङ |
| ममलाल ढुंगाना | वाहुनडांगी-६ | १६१ | ०-१०-० | धनबहादुर मगर |
| वुधराइ टुडु सतार | जुरोपानी-१ | १९९२ | ३३८.६३ | महाविर नुनिया/किस्कु ताजपुरिया |
| वुधराइ टुडु सतार | जुरोपानी-१ | २३२८ | ८४.६५ | महाविर नुनिया/किस्कु ताजपुरिया |
| वुधराइ टुडु सतार | जुरोपानी-१ | २३२६ | ८४.६५ | महाविर नुनिया/किस्कु ताजपुरिया |
| वसन्त बेघा | धुलावारी-३ | २०६८ | ०-१-० | तिलचन भेटवाल |
| छायादेवी माङवो | धुलावारी-३ | २०६३ | ०-१-० | तिलचन भेटवाल |



## सुरक्षा गार्ड तुरुन्त चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

सम्पर्कः **सेक्टरवान सेक्यूरिटी सर्भिस**, बिर्तामोड, झापा

(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**

मो. ९८०३२५०४७२/९८०१३६४०९३

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र

**Chakra-ka-rakshak**

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)




## बिरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।

मो. ९८४२६४३६१८/९८०४९९४८८०

शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

महिला : १० जना उमेर : २० देखि ३० वर्ष

पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष

कार्यक्षेत्र : झापा जिल्लाभर

**पर्फेक्ट सेक्युरिटी सेन्टर**

सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक

मो ९८४२६२५०२०, ९८०४७७१५६८

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'




सम्पर्कः ०२३-५५०६२०

९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क

**राजुकुमार श्रेष्ठ**

९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः

**देवी सिटौला**

९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । लाभांश बढ्नाले ऋणमोचन हुने सम्भावना छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मध्याह्नपछि इर्ष्या गर्नेहरूले फसाउन सक्छन् । आफन्तहरू टाढिनेछन् । परिस्थितिवश फजुल खर्च बढ्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समयमा आलस्य गर्दा पछि धोका पाइनेछ । अर्थ संग्रहमा बाधा पुग्नेछ । लगनशील बन्दा नियमित काम सम्पादन हुनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** चुनौतिपूर्ण काममा खटिनुपर्ने समय रहेकाले अलि सावधान रहनुपर्ला । जिम्मेवारी पनि बढिरहनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । मध्याह्नदेखि आयस्रोत बढ्नेछन् । अरूको मुख ताक्नाले काममा पछि परिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । लाभांश अरूका लागि खर्चनुपर्ने स्थिति आउन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** चुनौतिहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ । रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले जिम्मेवारी पनि दिलाउनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** किर्तिमानी काम गर्ने समय छ । सहयोगीहरूले पनि हिम्मत दिलाउनेछन् । व्यापारमा राम्रो फाइदा हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अरूका लागि समय खर्चनुपर्ला । नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला । परिस्थितिले चुनौतिहरू निम्त्याउला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला, दिउँसोदेखि सहयोगीहरूले साथ दिनेछन् भने भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । नयाँ जिम्मेवारी प्राप्त हुनेछ ।